Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सधैँ लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

बितरक चाहियो

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▸▸ अंक ३३९ ▸▸ असार १४ सोमबार ,२०७८, June –28 M0nday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

# उदयपुर जिल्लालाई पुग्ने साबुन बनाउछौ

❖ बेद कुमारी राई

*उदयपुर, असार १३*

खिलेन्द्र चौधरी अहिले ३२ बर्षका भए । उनले उदयपुर गाइघाट मोतिगडा स्थित कृष्टिना साबुन उद्योग सञ्चालन गर्दै आइरहेको छ ।

यो भन्दा पहिले उनि वैदेशिक रोजगारकालागी दुबै गएका थिए । त्याहा १ बर्ष बसि ग्याँस प्लानिङमा काम गर्थे । त्यसपछि उनि नेपाल आएर एक दुई बर्ष नेपाल बसे फेरी बैदेशिक रोजगारका लागी मलेसिया गए र त्याहाँ गार्डको रुपमा काम गर्थे । उस्लाइ साबुन उद्योग खोल्नको लागी केहिन केहि गरेर खोल्नुपर्छ भन्ने सोचले उद्योग सञ्चालन गर्नै थाले



मलेसियामा सेक्युरेटि गार्डको रुपमा काम गर्ने क्रममा ६,६ महिनामा डियुटि परिवर्तन भइरहने कहिल्य मोंकेटिङ कहिले अपाटमेन्टमा पर्नै र त्यसै क्रममा उनको काम साबुन फयाक्ट्रीमा काम परेकाले उनलाई साबुन सम्बन्धी थौरै ग्यान भएकाले उनले कृष्टिना साबुन उद्योग खोलेका हुन् ।

उद्योग १ बर्ष अघि दर्ता भएतापनि प्लास्टीकका कोभर नआएका कारण उद्योगमा उत्पादन हुने साबुन भने सदुपयोग भएको थिएन । तर हाल भने एक महिना अघिबाट सञ्चालनमा आएको र उत्पादित साबुनको प्रयोग उदयपुरका बासीन्दाहरुले गर्न थालेको छ । यहाँ २ सयँ ग्रामको रु. ४० रुपैयामा पसलेले बेच्ने र बि ग्रेटको १५० ग्रामको रु.२५ र सयँ ग्रामको २० रुपैयाँ पर्ने खालका

- बाँकी ३ पेजमा

# रौता साबुन बजार जमाउँदै

❖ मनिता कुमारी राई

*गाईघाट, असार १३*

पछिल्लो समय उदयपुरमा बिभिन्न किसिमका घरेलु उद्योग तथा कलकारखानाहरु खुलेर सञ्चालनमा आउन थालेका छन् । यसै क्रममा सदरमुकाम गाईघाटमा खुलेको रौता साबुन उद्योगले ४ महिनामै बजार जमाउन थालेको छ ।

गत माघ पहिलो सातादेखि सञ्चालनमा आएको रौता साबुन कारखानाले अहिले बजार लिदै गएको उद्यमी शुष्माकुमारी चौधरीले बताएकी छिन् । उनका अनुसार गाईघाट बजारलाई लक्षित गरी उत्पादन थालिएको रौता साबुन अहिले माग उत्साहजनक रुपले बढेको छ ।

सुरुका केही महिना उत्पादन भए पनि बिक्रीको समस्या भएकोमा पछिल्लो महिनायता साबुनले राम्रो बजार लिन थालेकाले उत्पादनमा थप हौसला बढेको उनी बताउँछिन् ।
गुणस्तरीय साबुन भएकाले उद्योगले बजार राम्रो गरेपछि अहिले श्रीमान् रमेश र शुष्मा दुवैलाई भ्याईनभ्याई भईरहेको छ ।



गाईघाट बजारलाई मात्र लक्षित गरी उत्पादन थालेको साबुनले नपत्याउँदो गरी बजार पाएपछि बाहिरी जिल्लातर्फ बजार बिस्तारमा लागेको रमेशले बताए । दिनदिनै बिक्री बढ्दै गएपछि अहिले बजार बिस्तारमा

- बाँकी ३ पेजमा


## सगरमाथा डिपार्टमेन्ट




सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउमा पाइने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर
प्रोपाइटर - किरण चामलिङ राई

## बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्पित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।
सम्पर्क - ९८६८१९८५२४ / ९८०२३१५२९६ प्रोपाइटर - भरत चामलिङ राई

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com   For evaluation only.



## सम्पादकिय
### ठेगानमा आयो ठेकेदारहरु ।

अहिले गाईघाट बजारको मुख्य सडक मदन भण्डारी लोकमार्गको दाँया, बाँया दुबै भागमा सडक विभागले नालीको सेफ्टी ढकन लगाउने काम अन्तिम चरणमा गरिरहेको छ। निर्माण कम्पनीले जति सक्दो सस्तो र छिटो समयमा काम सकेर निर्माण पुरा गर्न खोज्दछ ।

असार १२ गते शनिबार एउटा यस्तै घटना भयो । गाईघाट बजारको मुख्य चोकको उत्तर पश्चिम दिशाको छेउको किनारामा सडकपेटीको ढकन ढलान गर्ने क्रममा थिए निर्माण कम्पनी । त्यस निर्माण कम्पनीमा काम गर्ने कामदारहरुले ढकन ढलान गर्ने क्रममा नाली मुनी रहेको ढुङ्गा सफाई नगरी त्यही माथि ढलान गर्नको लागि काठ, बाँस राखेर तयारी गरे । यसै क्रममा त्यही फिल्डमा कार्यरत प्रहरीहरुले त्यो घटना बारे त्यही बनाउँदै गरेको मजदुरलाई सुझाए । तर तिनीहरुले भनेको नसुनीकन काम धमाधम अगाडी बढाए । यति सम्म गलत गरेकी ति मजदुरहरुले त्यो नाली भित्र रहेको ढुङ्गाको ढिस्को सफाई नगरी ढकन ढलान गर्नको लागि तयारी गरे । बर्षा सुरु भईसकेको कारण अहिले गाईघाट बजार डुबानको समस्यामा छ । अझ नाली बनाउँदा निर्माण कम्पनीको लापारबाहीले बजारबासी त्रसित हुनुको साथै खतरा मोल्न बाध्य हुनुपरेको छ ।

लापारबाही यतीसम्म गरेका छन् कि सडकपेटीको ढकनहरु बनाउँदा बेवास्ता गरेका छन् । क्रमैसंगले बनाउनुपर्ने नालीको ढकनहरु मनलाग्दी तरिकाले बनाएका छन् । ढिलासुस्तीको कुरा बेग्लै छ । शनिबारको नै घटना हेर्ने हो भने निर्माण कम्पनीले गैरजिम्मेवार र खतरा हुने काम गरेको छ । सडकपेटी मुनी रहेको नाली ठुनिएर टालीएमा त्यो सडकपेटीको नालीले गर्ने क्षतीको पुर्ती निर्माण कम्पनीले गर्नुपर्दछ । होइन भने निर्माण काम गर्दा त्यस निर्माण कार्यले बाताबरणमा पार्ने मुल्याङ्कनको बारेमा पनि सोचेर निर्माण गरिनुपर्दछ । सडकपेटी, नाली, सडक, कुलो, पानी हाम्रा घर छेउ छाउँका बिकास निर्माणका काम हो । एउटा सानो गल्तीले ठुलो क्षती बेहोर्नु बाध्य पारिनुहुँदैन । यसको लागि समन्धित निकायले पटक पटक निगरानी, अनुगमन गरिनुपर्दछ। त्यस बाहेक स्थानीयहरुले आफ्नो घर छेउछाउ निर्माण भईरहेको बिकास निर्माणको कामको प्रत्यक्ष निगरानी अनुगमन गर्नुपर्दछ। यसो गर्दा कुनै पनि समयमा कुनै आपतकालिन अबस्था नआउन सक्छ । बिकास निर्माणसँगै बिनाश हुने क्रमलाई हामी स्थानीयले खबरदारी गर्नुपर्दछ ।

# उदयपुरका मेयरहरुले चढ्ने गाडीहरु

❖ बुद्धि कुमार राई

*उदयपुर, असार १३*

त्रियुगा नगरपालिकाका मेयर बलदेब चौधरीले ९१ लाखको हेक्सा गाडी चढ्ने गरेका छन। २०७६ साल असोज मा किनेको टाटा हेक्सा गाडी उदयपुरको ८ पालिका मध्येकै राम्रो धेरै मुल्य र राम्रो गाडी हो । ५ बर्षे कार्यकालमा अब १ बर्षको लागि मात्र चढ्न पाउने गाडी कार्यकाल सकियसङ्गै छोडेर जानू पर्छ ।




उपमेयर देबी चौधरीले टाटाको नेक्सन गाडी चढ्छन । नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मणबहादुर थापाले निशान गाडी चढ्छन । कार्यकारी अधिकृत थापाले चढ्ने गरेको गाडी दुई बर्ष अघि बन मन्त्रालयबाट ल्याइएको हो ।







नगरपालिकासँग अहिले ८ बर्षअघि किनेको एक वटा दमकल, ५ वटा ट्याक्टर छ। ५ वटा ट्याक्टरमा ३ वटा ट्याक्टर मात्र अहिले चालू अबस्थामा छ । दुई वटा ट्याक्टर नचल्ने अबस्थामा छ । त्यस्तै नगरपालिकासङ्ग २८ वटा बाइक छ। २८ मध्ये १६ वटा बाइक नगरपालिकाको १६ वटै वडाका अध्यक्षाहरुले चलाउने गरेको छ। बाकी १२ वटा मोटरसाइकल नगरपालिकाको कर्मचारीले चलाउने गरेको छ।

त्रियुगा नगरपालिकासङ्ग योउटा टिफर, एक वटा बोलेरो र एक वटा टाटा सुमो जिप रहेको नगरपालिकाका जिन्सी शाखा प्रमुख खरिदार बेदनाथ ढुंगानाले जानाकारी दिए । यसैगरी उदयपुर जिल्लामा ४ नगरपालिका र ४ गाउँपालिका छन् । जसमा लिमचुङबुङ गाउँपालिकाका अध्यक्षाले गाउँपालिकाको काम गर्न पालिकाबाट अपाचे मोटरसाइकल किनेका छन् । लिमचुङबुङ गाउपालिकाले अध्यक्षको लागि गाडी किन्ने पैसाले गाउपालिकाको लागि यात्रुबाहक बस किनेको छ। बाँकी तिन गाउँपालिका ताप्ली , उदयपुरगढी र रौतामाई गाउपालिकाले अध्यक्षको निम्ति गाडी किनेको छ । चार नगरपालिकाले भने मेयर, उपमेयर सबैलाई गाडी किनेर उपयोग गरिरहेका छन् ।

### असार १३ गते आईतबार गाईघाटको तरकारी भाउ

| | | |
|---|---|---|
| १, | आलु | रु ३० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ६० |
| ४, | बन्दा | रु ५० |
| ५, | भेन्टा | रु ४० |
| ६, | खुर्सानी | रु ८० |
| ७, | मुला | रु ४० |
| ८, | पर्बल | रु ६० |
| ९, | तितेकरेला | रु४० |
| १०, | भिन्डी | रु ४० |
| ११, | च्याउ | रु २०० |
| १२, | फुलकोबी | रु १०० |
| १३, | फर्सि | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काका | रु ४० |
| १६, | धनियाँ | रु ८० |
| १७, | लोकलबोडि | रु ८० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु १०० |
| २०, | लट्टे साग | रु ६० |
| २१, | प्याज | रु ५५ |
| २२, | निगुरो | रु २५ |
| २३, | दुध | रु ७० |
| २४, | दहि | रु ९० |
| २५, | महि | रु ५० |
| २६, | घिउ | रु ७०० |
| २७, | रागाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसिको मासु | रु १००० |
| ३०, | कुखराको मासु | रु ३२० |




## सार्वजनिक हितका लागि उदयपुरगढी गाउँपालिकाको सूचना !

*'सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान !'*

जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं । जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं ।

**उदयपुरगढी गाउँपालिका**
**उदयपुर**

## सस्तोमा गिफ्टका सामान र गुडीया तालिम
**खुवालुङ गुडीया सप्लायस**

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर :



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि









Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## उदयपुरलाई......

साबुनहरु पाउछन । यस उद्योग स्थापना गर्नका लागि ६० लाख जस्तो लगानी लागेको चौधरी बताउछन बेलटार,हडिया,फत्तपुरमा आयात गर्छन । पहाडतिर पनि अबको हप्ता दश दिनमा कृष्टिना साबुन आयात हुने बताउछन् ।

उपभोक्ताहरुले सुरुसुरुमा गुनासो गरेका थिए,मेट्रिएल नराम्रो भएका कारण साबुन नराम्रो भएर तर पछिल्लो समयमा उपभोक्ताहरुले कुनै गुनासो गरेका छैनन् । साबुन बनाउनका लागी मुख्य स्वप्नुडल चाहिन्छ र यो नेपालमा पाईदैन यो मलेसिया,चिन,इन्डिया जस्ता देशहरुमा पाइन्छ ।

## रौता साबुन.....

लागी परेको उनको भनाई छ । उनका अनुसार पछिल्लो समय रौता साबुन छिमेकी जिल्लाहरु खोटाङ, सप्तरी, सिराहा, मोरङसम्म बजार बिस्तार भईसकेको छ । उदयपुरका बजार त प्राय सबैतिर पुगिसकेको उनले बताए । गाईघाटभन्दा बाहेक मुर्कुची, नेपालटार, रौता, साउने, फोक्सिन्टार, कटारीसम्म बिक्री बितरण भईरहेको छ ।

पूर्ण भेजिटरिन साबुन सस्तो र गुणस्तरिय भएकाले छोटो समयमा धेरै ग्राहकको मन जित्न सफल भएकाले उद्योगलाई ओखलढुंगा, सोलुखुम्बुलगायत माथिल्लो सगरमाथासम्म बजार बिस्तार गर्ने योजना रहेको शुष्माले बताईन् । उद्योगलाई स्थानीय उद्योग बाणिज्य संघले सहयोग गर्नै चासो नदेखाएकोमा भने चौधरी दम्पतिको दुखेसो छ ।

## डेनमार्क.....

चार पहेँलो कार्ड वेल्सको खेलाडीलाई दिइएको थियो । खेलको चार गोलमध्ये पहिलो, दोस्रो र चौथो गोलका निर्णय भिडियो असिस्टेन्ट रेफ्री (भार) को मद्दतमा लिइएको थियो । खेलपछि दुई गोल गर्ने डेनमार्कका डलबर्ग स्टार अफ द म्याच चुनिए ।

डेनमार्क र वेल्ससको खेल नेदरल्याण्ड्सको राजधानी आम्सटरडमस्थीत योहान क्रुइफ एरिना रंगशालामा खेलाइएको थियो । जीतपछि डेनमार्कले यूरोकपमा लगातार दुई खेलमा चारचार गोलको दरले आठ गोल गर्ने पहिलो टोलीको किर्तिमान कायम गरेको छ । हारपछि वेल्स प्रतियोगिताबाट बाहिरिएको छ । क्वाटरफाइनलमा डेनमार्कले अब चेक रिपब्लिक र नेदरल्याण्ड्सबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । डेनमार्क यूरोकप छनौटको समुह डी र वेल्स समुह ई बाट उपविजेता हुँदै छनौट भएर प्रतियोगिता खेल्न आएका थिए ।

डेनमार्क र वेल्सको खेलपछि अर्को मध्यराति खेलमा ईटालीले अष्ट्रियालाई २-१ ले हरायो । शनिबार बिहान १२:४५ बजे सुरु भएको खेलमा ईटालीले मुस्कीलले जीत हात पारेको थियो । फिफा वरियतामा सातौँ स्थानमा रहेको ईटालीलाई २३ औं स्थानको अष्ट्रियालाई हराउन अतिरिक्त समयसम्म जानुपरेको थियो । निर्धारित ९० मिनेट गोलरहित बराबरी भएपछि ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो । ९४ औं मिनेटमा फेड्रिको चिसा र १०४ औं मिनेटमा मट्टियो पेस्सीनाले ईटालीको लागि गोल गरेका थिए । ११३ औं मिनेटमा सासा कालाड्जीकले एक गोल










प्रोपाईटर - **अगम चामलिङ राई, ९८०७७६४३४३**
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर । स्थान- गाईघाट मुख्य चोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा । एनएमबी बैङ्क अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय उदयपुर

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्न निम्नानुसार गर्ने गरौं ।


- **सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।**
- **खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।**
- **चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।**
- **पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।**
- **आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।**
- **सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।**
- **आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।**
- **आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालू अवस्थामा राखौं ।**

# सार्वजनिक हितका लागि कटारी नगर पालिकाको सूचना !

*'सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान !'*

जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं । जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं ।

**कटारी नगरपालिका**
**कटारी, उदयपुर**






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, प्रोपाइटरः-**थमान चामलिङ राई** सम्पर्क- ९८४२९७५८७७, ९८१९७३८६८३

त्रिनपा -११ गाईघाट, असार िरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसंगै जोडिएकोप्रोपाइटर बिनोदकुमार पाण्डे



**पाण्डे श्री सप्लायर्स & ट्रेडर्स**
सम्पर्क- ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

# आकर्षक घर बिक्रिमा

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार , संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर , २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रम हल भएको, अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधा सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर किन्न ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# डेनमार्क र ईटाली क्वाटर फाइनल प्रवेश

❖ बिबेक राई

*उदयपुर, असार १३*

१६ औँ यूरोकपको प्रि-क्वाटरफाइनल खेलहरु सुरु भएसँगै समुह चरणपछि विश्राम दिइएको यूरोकप फेरी सुचारु भएको छ। प्रि-क्वाटरफाइनलको पहिलो दिन डेनमार्क र ईटाली क्वाटरफाइनल प्रवेश गर्न सफल भएका छन्। शनिबार राति ९:४५ बजे सुरुभएर मध्यराति सकिएको पहिलो प्रि-क्वाटरफाइनलमा डेनमार्क वेल्समाथि ४-० को सनसनीपूर्ण जीत निकाल्न सफल भयो। फिफा वरियतामा डेनमार्क माथि भएपनि जीतको नतिजा त्यसमा पनि यति फराकिलो जीतको नतिजा आउनेमा शायदैले अनुमान लाएको थियो।

फिफा वरियतामा डेनमार्क १० औँ र वेल्स १७ औँ स्थानमा छ। तर जारी यूरोकपमा डेनमार्कभन्दा वेल्सले राम्रो प्रदर्शन गरेको थियो। वेल्सले समुह एमा एक जीत, एक बराबरी र एक हारमात्र ब्योहोर्दै चार अंक जोडेर समुह उपविजेता बन्दै शिर्ष १६ मा आएको थियो। डेनमार्क पनि समुह बी बाट उपविजेता बन्दै शिर्ष १६ अर्थात नकआउट चरणमा आएको हो। समुहको तीन खेलमा सुरुका दुईमा हार र अन्तिममा जीत निकाल्दा भाग्यले साथ दिएपछि डेनमार्क त्यही एक जीतको आधारमा शिर्ष १६ आइपुगेको हो।

समुह बी मा डेनमार्कले पहिलो खेलमा नै फिनल्याण्डसँग १-० को हार ब्योहोरेको थियो। पाएको पेनाल्टीमा गोल गर्नु नसक्नु र खेलकाबीच आफ्ना एक खेलाडी मैदानमा ढल्नुले पनि डेनमार्क अभागि देखिएको थियो। डेनमार्कका क्रिस्टीयन एरिकसन मैदानमा हृदयघातले ढलेपछि तुरुन्त अस्पताल लगेर बचाइएको थियो। पछि डाक्टरले उनको अब बाँकी रहेका खेल जीवन लगभग सकिएको बताएका थिए। फिनल्याण्डविरुद्ध खेल हारेपनि डेनमार्कका समर्थकहरुले मृत्यु जीतेको खेल भनेर आफ्नो टोलीलाई हौसाए।

समुहको दोस्रो खेलमा प्रतियोगिताकै छिटो गोल अर्थात दोस्रो मिनेटमा नै गोल गरेर अग्रता लिएपनि बेल्जीयमसँग २-१ ले हारेको थियो। यसरि लगातार दुई खेल हारेपछि डेनमार्कसँग अन्तिम खेलमा जीतबाहेक विकल्प थिएन। नभन्दै समुहको अन्तिम खेलमा रुसलाई ४-१ ले हराउन सफल भयो। बेल्जीयम त सबै तीन खेल जीत्दै समुह विजेता बन्दै शिर्ष १६ जान सफल भयो। अब बाँकी रहेका डेनमार्क, फिनल्याण्ड र रुसको समान तीन अंक भयो तर गोलअन्तरमा अरुलाई पछि पार्न सफल भएपछि डेनमार्क समुह उपविजेता चुनियो र भाग्यवस शिर्ष १६ मा स्थान बनाउन सफल भयो।

शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलमा वेल्ससँग भेट हुँदा वेल्सलाई चर्चित खेलाडीहरुको साथ थियो। रियल म्याड्रिडबाट खेल्ने चर्चित खेलाडी ग्यारेथ बेलको कप्तानीमा उत्रेको वेल्सलाई यूभेन्ट्सबाट खेल्ने आरोन राम्से, चेल्सीबाट खेल्ने इथेन एम्पाडुलगायत खेलाडीको साथ थियो। तर क्यासपर डलबर्गले २७ औँ र ४८ औ मिनेटमा अनि डिफेन्डर जोएकिम मेह्लले ८८ औँ मिनेटमा गोल गरेपछि डेनमार्क खेलमा शाख जमाउन सफल भयो। ९० मिनेटपछिको थप पाँच मिनेटको इन्ज्युरी समयको चौथो मिनेटमा मार्टिन ब्रेथवेटले गोल थपेपछि डेनमार्क ४-० को जीत पक्का गर्न सफल भयो। ८९ औँ मिनेटमा ह्यारी विल्सनले सोझै रातो कार्ड पाएपछि वेल्सले दश खेलाडीमा सीमित हुँदै खेलको अन्त्य गरेको थियो। उनले डेनमार्कका क्यासपर डलबर्गमाथि फाउल गरेका थिए। रातो कार्डबाहेक खेलमा प्रयोग भएको afƟL; a}

– बाँकी ३ पेजमा


## सार्वजनिक हितका लागि ताप्ली गाउँपालिको सूचना !

*'सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान !'*

जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं। जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध बिच्छेदजस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं।

**ताप्ली गाउँपालिका**
**रूपाटार, उदयपुर**



## समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको बिक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं।

**रौतामाई गाउँपालिका**
**भुटार, उदयपुर**



## उदयपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**उदयपुरगढी, उदयपुर**

## कृषि शाखा

### जनहितमा जारी सन्देश !

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by Nagarikaadhar


: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट